# बिर्तामोड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### शिक्षा शाखा
### विर्तामोड,झापा
१ नं. प्रदेश, नेपाल

☎ फोन नं.-०२३ -५४५८००


प.सं. ०७७/०७८
च.नं. १३६

मिति :– २०७७/०६/११

**विषय :– निर्देशन सम्बन्धमा ।**

श्री सबै विद्यालयहरु ( सामुदायिक /संस्थागत )
विर्तामोड नगरपालिका

प्रस्तुत विषयमा विश्वव्यापी माहामारीको रुपमा फैलिएको कोभिड १९ ( कोरोना भाइरस) को कारणबाट हाल शिक्षण संस्थाहरुमा नियमित पठन पाठन हुन नसकी विद्यार्थीहरुको सिकाइ निरन्तरता अवरुद्ध भएको सन्दर्भमा विद्यालयमा नियमित पठन पाठन नभएसम्म विद्यालयहरुले आफ्नै परिवेश अनुकूल सिकाइ वातावरण सृजना गर्नका लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयद्धारा मिति २०७७/०५/१९ मा जारी गरिएको "विद्यार्थी सिकाइ सहजिकरण निर्देशिका २०७७" र यस विर्तामोड नगर शिक्षा समितिको मिति २०७७/०६/०८ गते बसेको बैठकको निर्णय तथा अन्य थप निर्देशन सहित अर्को व्यवस्था नभएसम्मको लागि तपसील बमोजिम गर्न गराउन हुन अनुरोध छ ।

<u>तपसील</u>

१. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७७/०५/१९ को मन्त्री स्तरीय निर्णय अनुसार स्वीकृत गरिएको "विद्यार्थी सिकाइ सहजिकरण निर्देशिका २०७७" मा तोकिएका सिकाइ सहजिकरण सम्बन्धी क्रियाकलापहरु अनिवार्य रुपमा सञ्चालन गर्ने ।

२. विर्तामोड नगर शिक्षा समितिको मिति २०७७/०६/०८ गतेको बैठकको निर्णय अनुसार "विद्यार्थी सिकाइ सहजिकरण निर्देशिका २०७७" को परिधि भित्र रही तयार गरिएको "विद्यार्थी सिकाइ सहजिकरण सम्बन्धी मापदण्ड २०७७" स्वीकृत भएकोले सोको अधिनमा रही विद्यालयहरुले आफ्नो विद्यालयको अवस्था अनुसार ७ दिन भित्र कार्ययोजना निर्माण गरी सिकाइ सहजिकरणका विकल्पहरु सहित यस कार्यालयमा पेश गर्नु पर्ने छ । मापदण्डको विकल्प "क" को हकमा कार्ययोजना प्राप्त भएपछि स्वास्थ्य मापदण्ड अनुरुप भए नभएको यस कार्यालयबाट अनुगमन गरी प्राप्त प्रतिवेदनका आधारमा मात्र सञ्चालन अनुमति दिने निर्णय हुने भएकाले हाल विद्यालयका सबै बालबालिकाहरु समेटिने गरी अन्य विकल्पहरु मार्फत सिकाइ सहजिकरणलाई निरन्तरता दिनु पर्ने ।

३. "विद्यार्थी सिकाइ सहजिकरण निर्देशिका २०७७" बमोजिम सबै विद्यालयहरुले विद्यार्थी भर्ना प्रकृया २०७७/०६/०१ गते देखि २०७७/०६/२० गते भित्रमा सक्ने साथै विद्यार्थी भर्ना गर्दा अर्को विद्यालयबाट भर्ना हुन आएमा अनिवार्य स्थानान्तरण प्रमाण-पत्र र मार्कसिट सहितको निवेदन प्राप्त भएपछि मात्र भर्ना गर्ने ।

भण्डारी
उपसचिव

Scanned with CamScanner

# बिर्तामोड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### शिक्षा शाखा
### बिर्तामोड, झापा
### १ नं. प्रदेश, नेपाल

फोन नं.-०२३-५४५८००

प.सं. ०७७/०७८
च.नं. ०९६

४. विभिन्न विद्यालयहरुले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले तोकेका सिकाइका माध्यमहरु सञ्चालन गरी जुन समयावधिदेखि बालबालिकाहरुलाई शैक्षिक सेवा दिएको हो सो समयदेखि सेवा लिने अभिभावकहरुलाई भार नपर्ने गरी उनीहरुको सहमति र समन्वयमा सेवा उपयोग गरेका बालबालिकाहरुको मात्र न्युनतम सेवा शुल्क लिने व्यवस्था गर्ने ।

५. शैक्षिक सत्र २०७६ मा लिएको मासिक शुल्कलाई नै २०७७ अश्विन महिनादेखि अनिवार्य सबै बालबालिकाहरुलाई सिकाइ सहजिकरणमा समाहित गराई सहजिकरण शुःल्क लिने ।

६ यस शैक्षिक सत्रमा एकमुष्ठ रुपमा विविध शुल्क वापत सम्बन्धित कक्षाको एक महिनाको शुल्कसम्मको सीमामा लिन सकिने तथा परीक्षा सञ्चालन हुन सक्ने भए गत बर्षकै परीक्षा शुल्कमा नवढाई लिने व्यवस्था मिलाउने साथै उपरोक्त शुल्कको अलावा अन्य कुनै पनि शुल्क नलिने ।

७. विद्यालयले २०७६ चैत्र महिनाको शुल्क सम्बन्धमा नेपाल सरकारले गरेको अनुरोध बमोजिम मिनाहा गर्ने / यदि चैत्र महिनाको शुल्क विद्यार्थीबाट लिई सकेको भए अब लिने शुल्कमा समायोजन गर्ने व्यवस्था मिलाउने ।

८. पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरबाट "पाठ्यवस्तु समायोजन ढाँचा २०७७" कार्यान्वयन सम्बन्धी सूचना बमोजिम उक्त केन्द्रका www.moecdc.gov.np मा अपलोड गरिए बमोजिम पाठ्यवस्तु समायोजन ढाँचा बमोजिम गर्नु गराउनु हुन ।

९. पाठ्यक्रम विकास केन्द्र समन्वय तथा प्रकाशन शाखा सानोठिमी भक्तपुरको मिति २०७७/०६/०२ को कक्षा ११ को भर्नाका आधार सम्बन्धीसूचना अनुसार गर्नु गराउनु हुन ।

१०. शिक्षा तथा मानव स्रोतविकास केन्द्र शैक्षिक सूचना व्यवस्थापन शाखा सानोठिमी भक्तपुरको च.नं. ९०,९१ को अत्यन्त जरुरी सूचनालाई अध्ययन गरी तोकीए अनुसार अनिवार्य कार्यन्वयन गर्न गराउन हुन अनुरोध छ ।

११. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको विद्यालय शिक्षा सम्बन्धी "आकस्मिक कार्य योजना २०७७" उक्त मन्त्रालयको वेवसाइट www.moest.gov.np बाट डाउनलोड गरी सो बमोजिम गर्न गराउन हुन ।

१२. "विद्यार्थी सिकाइ सहजिकरण निर्देशिका २०७७" बमोजिमका क्रियाकलापहरुसञ्चालन गर्न त्यस विद्यालयमा एक जना शिक्षक सम्पर्क व्यक्ति तोक्ने र निजले विद्यालयमा रहेका शिक्षकहरुको दैनिक कार्ययोजनाको अभिलेख राखी साप्ताहिक रुपमा सारांश बनाई शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नु पर्ने छ ।

**बोधार्थ** :- श्री सूचना तथा प्रविधि शाखा, विर्तामोड नगरपालिका, वेवसाइटमा सूचना अपलोड गरिदिनु हुन ।

२०७७/०६/११

लोचन भण्डारी
उपसचिव